
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

चाडपर्वको बेला सवारी साधनमा भीडभाड नगरौं,
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क २६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज २९ गते शनिबार ❑ 15 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## नवौं राष्ट्रिय खेलकुदको उपराष्ट्रपतिद्वारा समुद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असोज**

पर्यटकीय नगरी पोखरामा नवौं राष्ट्रिय खेलकुदको समुद्घाटन भएको छ । 'एकताबद्ध देश खेलकुदको सन्देश' भन्ने नाराका साथ सुरु नवौं राष्ट्रिय खेलकुदको भव्य समारोहका बीच उपराष्ट्रपति नन्दबहादुर पुनले साँझ ८:०० बजे पोखरा रङ्गशालामा उद्घाटन गर्नुभयो ।

उपराष्ट्रपति नन्दबहादुर पुनले पर्यटकीय नगरी पोखरामा भएको नवौं राष्ट्रिय खेलकुद खेलाडीहरूको महान उत्सव भएको बताउनुभयो । यस खेलकुदले नयाँ नयाँ प्रतिभा तयार गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । यस प्रतियोगिताले गण्डकी प्रदेशलाई खेल पर्यटनको गन्तव्यका रुपमा स्थापित गर्न योगदान गर्ने उहाँले बताउनुभयो । आत्मविश्वास र उच्च मनोबलका साथ खेलमा सहभागी बन्न आग्रह गर्दै उहाँले सबै खेलाडीलाई सफलताको शुभकामना व्यक्त गर्नुभयो । खेल क्षेत्रलाई समयानुकुल रुपमा विकास गर्दै लैजानुपर्ने बताउँदै उहाँले विद्यमान समस्याहरूलाई समाधान गर्दै जानुपर्नेमा जोड दिनुभयो ।

रङ्गशालामा सातवटै प्रदेश, तीन विभागीय, एनआरएनसहित ११ टिमका खेलाडी, अफिसियल, प्रशिक्षक, खेलप्रेमी र आम सर्वसाधारणको हजारौं जनाको उपस्थितिका बीच समुद्घाटन



गरिएको हो । उद्घाटन समारोहमा युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराज, संस्कृति तथा पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठ, गण्डकी प्रदेशका गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङ, मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, आयोजक राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ्लगायतका विशिष्ट व्यक्तिको सहभागिता छ ।

समारोहमा सातवटै प्रदेशका टिम, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट मार्चपास गरिएको छ । मार्चपासमा नवौं राष्ट्रिय खेलकुदका लागि तयार गरिएको गण्डकी प्रदेशमा पाइने कस्तुरी मृगको मस्कट सहभागी गराइएको थियो । यस क्रममा विभिन्न जातजातिका सांस्कृति झाँकी प्रस्तुत गरिएको छ । उद्घाटन समारोह अगावै रङ्गशालाका प्याराफिटमा खेलकुद प्रेमीको उल्लेख्य उपस्थिति थियो । सातवटै प्रदेशको संस्कृति झल्कने गीत तथा नृत्यहरू प्रस्तुत गरिएको थियो । उद्घाटनकै क्रममा आतिबाजी पड्काइएको छ ।

समारोहका मूल आयोजक समितिका अध्यक्ष एवं युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले नवौं राष्ट्रिय खेलकुदको झण्डा झण्डोत्तोलन गर्नुभएको छ । झण्डामा गण्डकी प्रदेशको राजधानी पोखरा र माछापुच्छ्रेलाई रेखांकित गरिएको छ । मन्त्री गहतराजले खेलकुदको विकासका लागि तीनवटै तहका सरकार लाग्नुपर्ने बताउनुभयो । खेलकुदको गुरुयोजना लगायतका कार्यक्रमअघि बढाइएको उहाँले बताउनुभयो । केन्द्रदेखि स्थानीय तहसम्म खेलसम्बद्ध निकायहरू खेलको विकासका लागि लागेको उहाँले बताउनुभयो । सङ्घीय संरचनाअनुसार सबै प्रदेशले आफ्नो तयारी सहित पहिलोपटक यस प्रतियोगितामा सहभागी भएको उहाँले बताउनुभयो । यस प्रतियोगितासँगै आगामी दिनमा तयार हुने खेलाडीहरू राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सक्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशमा नवौं राष्ट्रिय खेलकुद हुनु समग्र गण्डकी प्रदेशका लागि गौरव भएको बताउनुभयो । गण्डकी प्रदेशमा खेल पर्यटनका पर्याप्त सम्भावना रहेको उहाँले बताउनुभयो । खेलका माध्यमबाट अन्तराष्ट्रिय एवं राष्ट्रिय रुपमा एकता कायम गर्न सकिने उहाँले बताउनुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं ओलम्पिक कमिटिका अध्यक्ष जीवनराम श्रेष्ठले पोखरामा भएको यस खेलले खेल क्षेत्रको विकाससँगै गण्डकी प्रदेशको पर्यटकीय सम्भावनालाई अझै उजागर गर्ने बताउनुभयो । राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङ्ले स्वागत गर्दै नेपाली खेलकुदको इतिहासमा यसको महत्वपूर्ण स्थान रहने बताउनुभयो । कूल ३६ वटा खेल र दुई प्रदर्शनी सहित ३८ खेल समावेश भएको यस प्रतियोगितामा सात प्रदेश, तीन विभागीय र एनआरएन गरी ११ टोली सहभागी छन् । कूल छ हजार एक सय ५७ खेलाडीले प्रतिस्पर्धामा भाग लिने जनाइएको छ । प्रतियोगितामा करिब एक हजार ३०० पदकका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गोरखा आउनु जित र हारसँग सम्बन्धित विषय नै होइन : अध्यक्ष प्रचण्ड

**पोखरापत्र संवाददाता**
**गोरखा, २८ असोज**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले आफू गोरखा आएको कुरा जित र हारसँग सम्बन्धित विषय हुँदै नभएको बताउनुभएको छ ।

माओवादी केन्द्र गोरखाले गोरखा सदरमुकामस्थित पार्टी कार्यालयमा आज आयोजना गरेको निर्वाचन केन्द्रित अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रममा उहाँले पार्टीमा नयाँ रूपान्तरण



थालनीका लागि गोरखामा चुनाव लड्न आएको स्पष्ट पार्नुभयो । 'म गोरखा आएको पार्टी निर्माण, रूपान्तरण र क्रान्तिकारी बीउ बचाउनका लागि हो', अध्यक्ष दाहालले भन्नुभयो, 'यहाँ जित र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## निर्वाचनको स्वच्छतालाई नखल्बल्याउन प्रमुख आयुक्त थपलियाको आग्रह

**रासस**
**काठमाडौं, २८ असोज**

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकप्रति आयोग पूर्णतः स्पष्ट रहेकाले आयोगले प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्न लागेको भन्ने मनोगत प्रकारका मिथ्या सूचना प्रवाह नगर्न आग्रह गर्नुभएको छ ।

निर्वाचन आयोगले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि आजदेखि सञ्चालनमा ल्याएको निर्वाचन इ–बुलेटिन र कल सेन्टरको शुभारम्भ कार्यक्रममा प्रमुख आयुक्त थपलियाले आयोग आफ्नो संवैधानिक दायित्व, प्रेस स्वतन्त्राको हक र सम्बन्धित निकायको जिम्मेवारीप्रति आफूहरू स्पष्ट रहेको बताउनुभयो । उहाँले सञ्चारमाध्यमका अन्तर्राष्ट्रिय मूल्य र मान्यताप्रति आयोगले सधैं सम्मान गर्ने र आयोगका औपचारिक दस्तावेजमा निर्वाचनको वातावरण र यसलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन आम सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट उल्लेख गरिएको स्मरण गराउनुभयो । 'आयोगका बारेमा कतिपय मिथ्या सूचना आएकामा हामी गम्भीर भएका छौं', प्रमुख आयुक्त थपलियाले भन्नुभयो, 'हामी कसैको निगरानी गर्दैनौं । हामी सञ्चारमाध्यमलाई हाम्रो पनि निगरानी गरिदिन आग्रह गर्दछौं तर सानातिना विषयलाई विवादमा ल्याएर निर्वाचनको स्वच्छतालाई खल्बल्याउन सक्छु भन्ने कसैले सोचेको छ भने त्यो दिवास्वप्न मात्रै हुनेछ । असल प्रयत्नलाई गलतरूपमा नबुझ्न म आग्रह गर्दछु ।' उहाँले प्रेस काउन्सिल नेपाल ऐन, २०४८ बमोजिम काउन्सिलले गहनतापूर्वक पत्रकार आचारसंहिताको अनुगमन गरोस् र त्यसबारे आयोगलाई जानकारी गराओस् भनेर निर्देशन दिने निर्णय भएको पनि स्पष्ट गर्नुभयो ।

प्रमुख आयुक्त थपलियाले काउन्सिल सशक्त होस् र पत्रकार आचारसंहिताबमोजिम सञ्चारमाध्यमलाई स्वनियमन र स्वमूल्याङ्कन गराउन काउन्सिलले पहल गरोस् भन्ने आयोगको चाहना रहेको पनि अवगत गराउनुभयो । स्वनियमन र स्वमूल्याङ्कनलाई प्रभावकारी बनाउँदा सञ्चारमाध्यमलाई कसैले निर्देशन दिइरहनु वा उसमाथि अनुगमन गरिरहनु नपर्ने पनि उहाँको भनाइ थियो ।

## बेगनासतालमा डुंगा पल्टिदा वडा १३ का गुरुङ वेपत्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असोज**

बेगनासतालमा डुंगा पल्टिएर एक जना बेपत्ता भएका छन् ।

शुक्रबार परिवार र छिमेकीसहित पोखरा महानगरपालिका वडा न ३१ स्थित माझिकुनामा घुम्न गएका पोखरा-१३ बाँझापाटनका निवासी लालबहादुर गुरुङ बेपत्ता भएका हुन् । माझिकुनाको एक होटलबाट दुइ जनाले फरक फरक डुंगा लिएर बेगनासतालमा घुम्न गएका थिए ।

हिडेको ५ मिनेट मै महिलाले चिच्चाएर गुहार मागेपछि खोजी कार्य भइरहेको भए पनि फेला नपरेको वडा नम्बर ३१ का अध्यक्ष ढकनाथ कँडेलले जानकारी दिए । घटना साढे ४ बजेतिर घटेको हो । दुर्घटना भएको क्षेत्रमा केज बनाएर माछा पालन गरिएको छ ।

## नौ सय बढी आरोहीले लिए विभिन्न हिमाल आरोहणको अनुमति

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असोज**

यस वर्षको शरद ऋतुको हिमाल आरोहणका लागि एक सय आठ आरोही समूहका नौ सय एक आरोहीले आरोहण अनुमति लिएका छन् ।

पर्यटन विभागका अनुसार यस सिजनमा सगरमाथा (८,८४८.८६ मिटर), मनास्लु (८,१६३ मिटर) लगायत ३५ हिमाल तथा चुली आरोहणका लागि धमाधम आरोही आइरहेका छन् । यस अवधिमा सबैभन्दा बढी मनास्लु आरोहणका लागि ३८ आरोही समूहका चार सय चार आरोहीले आरोहण अनुमति लिएका छन् ।


विभागको पर्वतारोहण शाखाको विवरणमा सगरमाथा आरोहणका लागि एक समूहका पाँच आरोहीले अनुमति पाएका छन् । अमादब्लङ (६,८१४ मिटर) हिमाल आरोहणमा ११ आरोही समूहका एकसय ३१ ले अनुमति पाएका छन् । हिम्लुङ हिमालका (७,१२६ मिटर) मा १४ आरोही समूहका एक सय ४४ ले आरोहण अनुमति लिएका छन् ।

यस्तै, धौलागिरि (८, १६७ मिटर) आरोहणका लागि चार आरोही समूहका ३४, नुप्से (७,८५५) आरोहणका लागि एक समूहका आरोहीले अनुमति लिएका छन् । अमादब्लङलगायत मिहाल आरोहणका लागि अहिले पनि आरोहण अनुमति जारी भइरहेको विभागले जनाएको छ । यस सिजनमा हिमाल आरोहणबाट हालसम्म सात करोड १० लाख ३१ हजार छ सय ४७ रोयल्टी जम्मा भएको विभागले जनाएको छ । हिमाल आरोहणका लागि हालसम्म नेपालसहित ६८ मुलुकका नौ सय एक आरोही यहाँ आएका हुन् ।

विभागका महानिर्देशक होमप्रसाद लुइँटेलले आरोहण धमाधम चलिरहेको जानकारी दिनुभयो । उहाँले अहिले पनि केही हिमालमा आरोहण अनुमति पनि जारी भइरहेको बताउनुभयो । उहाँका अनुसार मनास्लु आरोहण लगभग सकिएको छ तर, के-कति सङ्ख्यामा आरोही मनास्लुको चुचुरोमा पुगे भन्ने विस्तृत विवरण आइसकेको छैन । अघिल्ला वर्षमा झै यो वर्ष पनि मनास्लु आरोहणमा आरोहीको आकर्षण देखिएको छ । विश्वको आठौं अग्लो र नेपालको सातौं अग्लो मनास्लु हिमाल आरोहणका लागि सर्वाधिक सङ्ख्यामा आरोही गएका हुन् । शरद ऋतु मनास्लु आरोहणका लागि उपयुक्त मौसम मानिने भएकाले सर्वाधिक आरोहीको रोजाइँमा पर्ने गरेको नेपाल पर्वतारोहण सङ्घले जनाएको छ ।

सेभेन सम्मिट ट्रेक्स प्रालिका प्रबन्ध निर्देशक मिङ्मा शेर्पाले यो सिजनमा पनि धेरै सङ्ख्यामा आरोही मनास्लु आरोहणमा गएको बताउनुभयो । गोरखाको आरुखेतमा रहनुभएका उहाँले दिएको जानकारी अनुसार यस सिजनको मनास्लु आरोहण करिब अन्तिम चरणमा छ । अधिकांश आरोही आरोहण सकेर फर्किनेक्रममा रहेका छन् । उपयुक्त मौसम मानिएकाले हरेक वर्ष मनास्लु आरोहणमा सर्वाधिक आरोही आउने गरेका प्रबन्ध निर्देशक शेर्पाको भनाइ छ ।

सन् १९५६ मे ९ तारिखमा जापानी नागरिक तोसियो इमनिसी र नेपाली ग्याल्जेन नोर्बु शेर्पाले आठ हजार १६३ मिटर अग्लो मनास्लुको सफल आरोहण गर्नुभएको थियो ।



# ब्याजदर बढेकोमा निजी क्षेत्र आक्रोशित, किस्ता र ब्याज नबुझाउने चेतावनी

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असोज**

पोखराका उद्योगी/व्यवसायीहरुले बैंकले एकाएक कर्जामा बढाएको ब्याजदरको चर्को विरोध गरेका छन् । उनीहरुले ब्याजदर नघटाइ पहिलो त्रैमासिक अर्थात् असोज मसान्तमा तिर्नुपर्ने कर्जाको किस्ता र ब्याज नबुझाउने चेतावनी पनि दिएका छन् । पोखरा र लेखनाथ उद्योग वाणिज्य संघ, नेपाल उद्योग परिसंघ गण्डकी प्रदेश, पोखरा पर्यटन परिषद्सहित १३ वटा व्यावसायिक संघ/संस्थाले शुक्रबार अर्थमन्त्री जनार्दन शर्मा, नेपाल राष्ट्रबैंकका गभर्नर महाप्रसाद अधिकारी र बैंकर्स एसोसियनका अध्यक्ष अनिलकुमार उपाध्यायलाई ध्यानाकर्षण पत्र बुझाउँदै सो घोषणा गरेका हुन् ।



ध्यानाकर्षण पत्रमा बैंक तथा वित्तीय संस्थाहरुले निक्षेपसँगै कर्जामा ब्याजदर वृद्धि गर्दा समग्र अर्थतन्त्र धराशायी हुने अवस्थामा र निजी क्षेत्र उद्योग/व्यवसायीहरुले ब्याज, सावाँको किस्ता भुक्तान गर्नै नसक्ने अवस्था सिर्जना भएको जिकिर गरिएको छ । 'बैंक तथा वित्तीय संस्थाहरुबाट पटक-पटक गरिने ब्याजदर वृद्धि तथा असहज अवस्थामा किस्ता भुक्तानीको ताकेता एवं मानमर्दनले निजी क्षेत्र पीडित बनेको छ', पत्रमा भनिएको छ,'कोभिडले आक्रान्त अर्थतन्त्र उकालो नलाग्दै औद्योगिक क्षेत्रमा कर्जाको सीमा घट्ने सम्भावनाले देशको कुल ग्राहस्थ उत्पादनमै प्रवाव पार्ने निश्चित भएको छ ।' ध्यानाकर्षण पत्रमा पटक-पटकको ब्याजदर वृद्धि एवं कर्जा भुक्तानीको उपक्रममा दिइने मानशिक यन्त्रणा एवं चर्को सेवा शुल्क निजी क्षेत्रले धान्न नसक्ने दाबी गर्दै कर्जामा भएको व्याजदर अविलम्ब एकल अंक हुनेगरी घटाउन,व्यवसायीहरुलाई मानशिक तनाव दिने प्रवृत्तिको अन्त्य गर्न, २०७९ आश्विन महिनाभित्र बुझाउनुपर्ने भनिएको त्रैमासिक किस्ता र ब्याज तिर्ने समयसीमा बढाउन,विभिन्न शीर्षकमा लिइने सेवा शुल्कलाई पारदर्शी र मनासिव बनाउन, कर्जाको ब्याजदर पुनर्संरचना गर्न, बैंक तथा वित्तीय संस्थाले अगाडि बढाएका धितो लिलामीका प्रक्रियाहरु तत्काल रोक्न, कोभिडका कारण थला परेको अर्थतन्त्र उकास्न विशेष कार्यक्रमको व्यवस्था गर्न एवं पर्यटनलाई प्राथमिकता प्राप्त क्षेत्र घोषणा गरी सो क्षेत्रमा कर्जा प्रवाह गर्न माग गरिएको छ ।

ध्यानाकर्षण पत्रमा गतवर्ष कार्यान्वयनमा आएका पुनर्कर्जा कोष,पुनर्तालिकीकरण एवं व्यवसाय जीवन रक्षा कोषजस्ता कार्यक्रमहरुअन्तर्गत प्रवाह सेवाको समयसीमा बढाइनुपर्ने माग पनि गरिएको छ। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिको नेतृत्वमा गएको टोलीले जिल्ला प्रशासन कार्यालय कास्कीमार्फत् अर्थमन्त्री र नेपाल राष्ट्र बैंक पोखरा शाखामार्फत् गभर्नरलाई ध्यानाकर्षण पत्र बुझाइएको संघका महासचिव बलराम आचार्यले जानकारी दिए ।

ध्यानाकर्षण पत्रमा पोखरा उद्योग वाणिज्य संघको तर्फबाट संघका अध्यक्ष पवनकुमार प्रजापति, लेखनाथ उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओझा, उद्योग परिसंघ गण्डकी प्रदेशका विनोद शर्मा, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ,नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी प्रदेशका तर्फबाट केदार पौडेल, पोखरा च्याम्बर अफ कमर्स कास्कीका कार्यवाहक अध्यक्ष उमराज बास्तोला, गण्डकी ट्रक यातायात व्यवसायी संघका अध्यक्ष सुरेन्द्र त्रिपाठी, एलपी ग्यास बिक्रेता संघ कास्कीका अध्यक्ष बालकृष्ण कोइराला, अधिकृत बिक्रेता संघ कास्कीका अध्यक्ष अनिल श्रेष्ठ, कास्की हेभी इक्युपमेण्ट व्यवसायी संघ, पोखराका सचिव भीमबहादुर केसी, नेपाल निर्माण व्यवसायी संघ कास्कीका सचिव इ.सिरशकुमार बास्तोला, घरेलु तथा साना उद्योग महासंघ कास्कीका उपाध्यक्ष भानु भण्डारी र पृथ्वी राजमार्ग यातायात प्रालिलगायतको ऐक्यवद्धता र हस्ताक्षर रहेको छ ।

# मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदन पेस

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असोज**

गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ताको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङ समक्ष पेस गरिएको छ ।

संवैधानिक व्यवस्थाअनुसार मुख्य न्यायाधिवक्ता रोहितराज बाँस्तोलाले प्रदेश प्रमुखको कार्यालयमा प्रतिवेदन प्रस्तुत गर्नुभएको हो । प्रतिवेदन प्रस्तुत गर्दै मुख्य न्यायाधिवक्ता बाँस्तोलाले संवैधानिकव्यवस्थाअनुरूपप्राप्त जिम्मेवारीअनुसार कार्यालयले आफ्ना कार्यसम्पादन गर्दै आएको बताउनुभयो ।

मुख्य न्यायाधिवक्ताको कार्यालयबाट प्रदेश सरकारको प्रतिनिधि भई प्रतिरक्षा गरिएका मुद्दा, लिखितरूपमा राय माग भई आएका विषय, राय सुझावसहित पठाइएका नीति, ऐन नियम आदि विषय प्रतिवेदनमा समेटिएको उहाँले जानकारी गराउनुभयो ।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख गुरुङले प्रदेश सरकारको कानूनी सल्लाहकारका रूपमा मुख्य न्यायाधिवक्ताको कार्यालय रहेको बताउनुभयो । नेपाली जनताले आफ्ना लागि आर्जेको संविधानको सफल कार्यान्वयनमा जोड दिनुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा प्रदेश प्रमुखको कार्यालयका सचिव अणप्रसाद न्यौपाने र प्रवक्ता चण्डीप्रसाद अर्याललले पनि बोल्नुभएको थियो ।

# ह्याण्डबलको फाइनल शनिबार

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत पुरुष ह्याण्डबलमा गण्डकी, लुम्बिनी, नेपाली सेना (आर्मी) र सशस्त्र प्रहरी बल (एपिएफ)ले सेमिफाइनलमा स्थान पक्का बनाएको छ ।

समूह 'ए' बाट गण्डकी र विभागीय आर्मीले अन्तिम ४ मा स्थान बनाएको हो भने, समूह बी बाट विभागीय एपिएफ र लुम्बिनीले सेमिफाइनलमा स्थान बनाएको हो । एपिएफले समूह विजेता र लुम्बिनीले उपविजेता बन्दै सेमिफाइनलमा स्थान बनाएको हो । पुरुषतर्फको ह्याण्डबलमा समूह 'ए' बाट विजेता र उपविजेताको टुङ्गो लाग्न बाँकी छ । पाँच टिम रहेको समूहमा गण्डकी र आर्मी दुबैले लगातार तीन खेल जित्दै अन्त्यमा २७/२७ को बराबरीसँगै समूहको लिग खेललाई अन्त्य गरेको थियो । अब, गोलसङ्ख्याको आधारमा समूह विजेता र उपविजेता टुङ्गो लाग्नेछ । लिगअन्तर्गत आर्मीले चार खेलमा एक सय ७८ गोल गर्दा ६३ गोल व्यहोरेको छ । यता, गण्डकीले लिगअन्तर्गतको खेलमा एक सय ८४ गोल गर्दै ७४ गोल खाएको छ । महिला ह्याण्डबलमा एपिएफ, गण्डकी, आर्मी र प्रदेश १ को सेमिफाइनल समिकरण पूरा भएको छ । सेमिफाइनलमा एपिएफ र प्रदेश-१बीच सेमिफाइनल हुनेछ ।

त्यस्तै विभागीय आर्मी र गण्डकीले अर्को सेमिफाइनल खेल्नेछ । समूह 'ए' बाट विभागीय एपिएफ समूह विजेता र गण्डकी प्रदेश उपविजेता बन्दै अन्तिम चार स्थान बनाएको हो । समूह बी बाट आर्मी विजेता र प्रदेश-१ उपविजेता बन्दै अन्तिम सेमिफाइनल पुगेको हो । ह्याण्डबलको पुरुष/महिलाको सेमिफाइनल आज र फाइनल शनिबार हुनेछ ।

# भाइटिका महोत्सव हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असोज**

होटल संघ पोखरा नेपालले तिहारका अवसरमा आगामी कात्तिक १० गते १५ औं भाइटिका महोत्सव २०७९ आयोजना गर्ने भएको छ। लेकसाइड स्थित मम्स गार्डेन रिसोर्टमा यो महोत्सव हुन लागेको हो ।

संस्कृतिका माध्यमबाट पर्यटन प्रबर्द्धन गर्दै पर्यटन क्षेत्रमा आसा छर्ने उद्धेश्यले महोत्सव आयोजना गर्न लागिएको संघका अध्यक्ष लक्ष्मण सुबेदीले जानकारी दिए । कोभिड १९ लगायत विविध कारण पर्यटन क्षेत्र निकै मारमा परेको भन्दै सुबेदीले आपसी भाइचार अभिवृद्धि गर्दै पर्यटन पुनरुत्थानमा महोत्सवले सघाउने विश्वास व्यक्त गरे । कोभिडकै कारण अघिल्ला दुई बर्ष यस्तो महोत्सव हुन नसके पनि विगत बर्षदेखि यसलाई पुनः निरन्तरता दिन थालिएको महोत्सवका संयोजक एवं संघका प्रथम उपाध्यक्ष दीपक श्रेष्ठले जानकारी दिए। महोत्सवका विभिन्न देशका पर्यटकले भाग लिने र कतिपय दोहोर्‍याएर समेत टिका लगाउन आउने अपेक्षा गरिएको श्रेष्ठले सुनाए । तिहारको सांस्कृतिक पक्षलाई संरक्षण गर्दै यसैकामाध्यबाटपर्यटकआकर्षित गर्ने अभिप्राय लिएको यसप्रकारको महोत्सव पोखराका लागि अर्को पर्यटकीय प्रडक्ट बन्दै गएको संघले जनाएको छ। साडे दुई बजे सुरु हुने महोत्सवमा उपस्थितिका लागि सम्पूर्ण मिडियाकर्मीलाई संघले हार्दिक अनुरोध समेत गरेको छ।

## नवौं...

लागि प्रतिस्पर्धा हुन लागेको हो ।

विसं २०३८ देखि सुरु नेपाली राष्ट्रिय खेलकुदको इतिहासमा विसं २०४० मा दोस्रो संस्करणको राष्ट्रिय खेलकुद गर्ने अवसर पाएको पोखरालाई ३९ वर्षपछि नवौं राष्ट्रिय खेलकुद घरेलु मैदानमा गर्ने मौका मिलेको हो । ३६ खेल मध्येका २६ वटा खेल पोखरामा र अन्य गण्डकीका सात जिल्लामा भैरहेको छ । गण्डकीका लमजुङ, मनाङ र मुस्ताङ बाहेकका सबै जिल्लामा नवौं राष्ट्रिय खेलकुदका खेल सञ्चालन भएका छन् ।

उद्घाटनकै अवसरमा निर्णयकका तर्फबाट भलिबलका रेफ्री पहलसिंह थापा र खेलाडीका तर्फबाट प्याराग्लाइडिङका सुशिल गुरुङले प्रतियोगितामा समावेश सम्पूर्ण खेलमा राष्ट्रिय एवं अन्तरार्ष्ट्रिय नियमअनुसार खेल्ने तथा खेलाउने प्रतिबद्धतासहित सपथ ग्रहण गर्नुभएको थियो। समारोहमा ओलम्पिक टर्च प्रज्वलन गरिएको थियो दीकाबहादुर बोगटीले प्रज्वलन गर्नुभएको थियो ।

# कांग्रेस घोषणापत्रको मस्यौंदा सुझावसहित पारित

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ असोज**

नेपाली कांग्रेसले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तयार गरिएको पार्टीको घोषणापत्रको प्रारम्भिक मस्यौंदा प्राप्त सुझाव समावेश गर्ने गरी पारित गरेको छ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको शुक्रबार बसेको बैठकमा घोषणापत्र तयारी समितिका संयोजक महामन्त्री विश्वप्रकाश शर्माले घोषणापत्रको मस्यौंदा प्रस्तुत गर्नुभएको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । बैठकमा प्रारम्भिक मस्यौंदा उपसमितिका तर्फबाट डा. स्वर्णिम वाग्लेले मस्यौंदाको थप व्याख्या गर्नुभएको थियो भने बैठकमा प्रारम्भिक मस्यौंदा समितिका सदस्यहरूको पनि आमन्त्रित रुपमा सहभागिता थियो।

# राजनीतिक स्थिरता र सुशासन मुख्य लक्ष्य : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, २८ असोज**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले राजनीतिक स्थिरता र सुशासन कायम गर्न वर्तमान गठबन्धन क्रियाशील रहेको बताउनुभएको छ।

शुक्रबार तनहुँको व्यास नगरपालिका-१३ मा मतदातासँगको भेटघाटका क्रममा तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार बन्नुभएका उहाँले राजनीतिक स्थिरता कायम गरी देश विकास गर्ने लक्ष्य आफूहरुको रहेको बताउनुभएको हो ।

गाउँमै रोजगारी र गाउँमै आम्दानी सिर्जना हुने वातावरण बनाइने जानकारी गराउँदै आफूले सोही लक्ष्य लिएर राजनीति सुरु गरेको नेता पौडेलले उल्लेख गर्नुभयो । "गाउँमा सुविधा र रोजगारीको अवसर नभएपछि मानिस सहर झरेका छन्, अहिले गाउँमा सबै सुविधा पुगिसकेको छ, अब आम्दानी र रोजगारीको अवसर पनि पुग्छ", उहाँले भन्नुभयो ।

तनहुँले विकासमा काँचुली फेर्ने जिकिर गर्दै वरिष्ठ नेता पौडेलले शेरबहादुर देउवाको नेतृत्वमा सरकार बनेपछि यो समयमा मात्र तनहुँमा रु दुई अर्बभन्दा बढी बजेट आएको र यसले निरन्तरता पनि पाउने उल्लेख गर्नुभयो । सडक, पुल, खानेपानीको विकासले तीव्रता पाएको र कषि तथा पर्यटनमा पनि क्रान्ति हुँदै गएको उहाँले उल्लेख गर्नुभयो । वरिष्ठ नेता पौडेलले आजै व्यास-१३ बेनीकोट, पोखरीभञ्ज्याङ, गुदी, व्यास-१४ केशवटार, रुम्सी, ठिन, नयाँगाउँमा मतदातासँग भेटघाट गर्ने कार्यक्रम छ।

## गोरखा...

हारको कुरा त प्रतिक्रियावादीको टिप्पणी मात्र हो ।' उहाँले चितवनबाट गोरखा आउँदा चितवनका राजनीतिक दल, नेता कार्यकर्तामा रुवाबासी चलेको भन्दै चितवन पनि जीत सुनिश्चित भएको ठाउँ भएको बताउनुभयो ।

'प्रचण्ड गोरखा जाने चर्चापछि चितवनमा त आङ्तक नै भयो', अध्यक्ष दाहालले भन्नुभयो, 'माओवादी नेता कार्यकर्ता मात्र होइन कांग्रेस जिल्ला पार्टी, एमालेका निर्वाचित जनप्रतिनिधिसमेत हामी जिताउँछौं तपाईं चितवनबाट नै चुनाव लडिदिनुस् भनेर आउनुभयो तर प्रतिक्रियावादी भने हारको भ्रम फैलाइरहेका छन् ।' अर्को फरक प्रसङ्गमा उहाँले अन्तिम युद्ध कसले जित्ने हो भन्ने फैसला अझै हुन बाँकी रहेको बताउनुभयो ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# आइटिएफ तेक्वान्दो शनिबारदेखि

पोखरापत्र संवाददाता
बागलुङ, २८ असोज

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत शनिबारदेखि यहाँ सुरु हुने आइटिएफ तेक्वान्दोको सबै तयारी पूरा भएको छ। सदरमुकामस्थित बाङ्गेचौर कर्भडहलमा सञ्चालन हुने सो खेलका लागि पूर्वाधार र व्यवस्थापकीय तयारीका काम सकिएको जनाइएको छ।

खेलस्थल सुधार, सामग्री व्यवस्थापन, साजसज्जादेखि खेलाडी, प्राविधिकलाई आवाससम्मको प्रबन्ध भइसकेको आइटिएफ तेक्वान्दोका केन्द्रीय सचिव एवं बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार शनिबार मध्याह्न विशेष समारोहमा प्रतियोगिता शुभारम्भ गरिनेछ। त्यसअघि सांस्कृतिक झाँकी, बाजागाजासहित खेलाडी, प्राविधिक, आयोजक र खेलप्रेमी सम्मिलित ऱ्यालीले बागलुङ बजार परिक्रमा गर्नेछ।

"उद्घाटन समारोहलाई भव्य र आकर्षक बनाउने तयारीमा छौं, जिल्लाको पहिचान झल्काउने झाँकी तथा सांस्कृतिक नृत्य प्रस्तुत गरिनेछ", नगरउपप्रमुख खड्काले भन्नुभयो, "जिल्लामा पहिलोपटक राष्ट्रिय खेलकुद प्रतियोगिता हुन लागेकाले यो हाम्रा लागि गौरव र आत्मसम्मानको विषय हो।" प्रतियोगिता व्यवस्थापनका लागि नगरप्रमुख वसन्तकुमार श्रेष्ठको संयोजकत्वमा गठित ५१ सदस्यीय समिति व्यवस्थाकीय तयारीका काममा सक्रिय छ। कभर्डहलसँगै खुला मैदानमा पनि प्रतियोगिता सञ्चालन हुने जनाइएको छ। कात्तिक २ गतेसम्म चल्ने प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टिमका गरी दुई सय ५० खेलाडीले भाग लिनेछन्।

खेलाडीसहित ४५ रेफ्री, प्रत्येक टिमका प्रशिक्षक, अफिसियल, प्राविधिकलगायत गरी झण्डै तीन सय ५० जना प्रतियोगितामा सहभागी हुनेछन्। अधिकांश टिमका खेलाडी र प्राविधिक बिहीबार नै जिल्लामा आइसकेको प्रतियोगिता व्यवस्थापन समितिले जनाएको छ।

गण्डकी प्रदेशका आइटिएफ प्रशिक्षक आकाशचन्द्र घर्तीमगरले प्रतियोगितामा एकल स्पाइरिङ, टिम स्पाइरिङ, एकल प्याट्न र टिम प्याट्नमा प्रतिस्पर्धा हुने बताउनुभयो। विभिन्न उमेर र तौल समूहका खेलाडीले खेलमा प्रतिस्पर्धा गर्नेछन्। प्रशिक्षक घर्तीमगरका अनुसार हरेक टिमबाट २५ खेलाडीले प्रतियोगिता खेल्नेछन्। आइटिएफ तेक्वान्दोमा ४५ स्वर्ण, ४५ रजत र ३० कास्य पदकका लागि खेलाडीले प्रतिस्पर्धा गर्ने जनाइएको छ। नवौं राष्ट्रिय खेलकुदको मुख्य आयोजनास्थल पोखरा भए पनि जिल्ला तहमासमेत खेलस्थल तय हुँदा स्थानीय खेल पदाधिकारी र खेलप्रेमी उत्साहित छन्। जिल्ला खेलकुद विकास समितिका उपाध्यक्ष लोकेन्द्र केसीले प्रतियोगिताले खेलसँगै जिल्लाको पर्यटन प्रवर्द्धनमा पनि सघाउ पुग्ने बताउनुभयो।

खेलाडीलाई नजिकका गन्तव्यस्थल घुमाउन समितिले सहजीकरण गर्ने उहाँको भनाइ छ। "राष्ट्रिय खेलकुदअन्तर्गतको प्रतियोगिता बागलुङमा आयोजना हुनु हाम्रा लागि महत्वको विषय हो, व्यवस्थापन र आतिथ्यतामा जिल्लाले कुशलता देखाउने मौका आएको छ", उपाध्यक्ष केसीले भन्नुभयो, "देशभरबाट खेलाडी आउँदा जिल्लाको चिनारी बढ्छ, आन्तरिक पर्यटन प्रवर्द्धन हुन्छ।"

प्रदेशका अरु जिल्लालाई पनि राष्ट्रिय खेलकुद प्रतियोगिताको अपनत्व दिलाउन राष्ट्रिय खलेकुद परिषद्ले पोखरा बाहिरसमेत खेलस्थल छनोट गरेको हो। चार दशकपछि पोखरामा दोस्रोपटक आयोजित राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत बागलुङसहित धवलागिरि क्षेत्रका तीन जिल्लामा चार खेल हुँदैछन्। म्याग्दीमा महिला भलिबल, तेक्वान्दो र पर्वतमा कराते प्रतियोगिता आयोजना गरिएको छ।

# मालदुङ्गा–बेनी सडक चार दिनपछि सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, २८ असोज

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालदुङ्गा–बेनी सडक चार दिनपछि सञ्चालन भएको छ।

पर्वतको जलजला गाउँपालिका–७ केराबारीमा पहिरो खसेपछि असोज २४ गतेदेखि अवरुद्ध बनेको सडक मर्मत गरेर सञ्चालन गरिएको हो। पहिरो पन्छाएपछि पर्वतको कुश्मा नगरपालिका–९ मालदुङ्गादेखि जलजला गाउँपालिका हुँदै म्याग्दीको बेनी जोड्ने सडकमा यातायातका साधन सञ्चालन भएको मिलनचोक प्रहरी चौकीले जनाएको छ। बेनी–जोमसोम कोरलासडकआयोजनाकोठेकेदार कम्पनी खड्का–कृष्णको सहायक ठेकेदार ओमकारेश्वरका दुईवटा डोजर परिचालन गरेर पहिरो पन्छाइएको थियो। तत्कालका लागि यातायात सञ्चालन भए पनि थप पहिरोको जोखिम भएकाले आवतजावतका क्रममा सतर्कता अपनाउन र रातको समयमा ध्यान दिन मिलनचोक प्रहरी चौकीका प्रमुख मुक्त खड्काले बताउनुभयो। स्तरोन्नतिको क्रममा रहेको मालदुङ्गा–बेनी सडकको केराबारी खण्डमा सडकमाथिको पाखो चिरा–चिरा परेको छ। सो ठाउँमा सडक विस्तारका लागि ठेकेदारले डोजर प्रयोग गरेर पहाड फुटाएको र जथाभावी ढुङ्गा निकालेकाले पहिरो गएको स्थानीयवासीले बताएका छन्। मालदुङ्गा–बेनी सडक अवरुद्ध भएपछि म्याग्दी र मुस्ताङ आउने जाने सवारीसाधनले मालदुङ्गा–बागलुङ–बेनी सडक प्रयोग गरेका थिए। मालदुङ्गा–बागलुङ–बेनी सडकअन्तर्गत बेनी नगरपालिका–१ को रुइनेडाँडामा पहिराले सडक भासिएपछि सवारी सञ्चालनमा समस्या हुने गरेको छ।

# बुद्ध विशाल बजारको दशैं तिहार लक्षित उपहार योजना

पोखरापत्र संवाददाता
पोखरा, २८ असोज

पोखराको बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले नेपालीहरुका चाडपर्व दशैं तिहारलाई लक्ष्य गरेर ल्याएको 'दशैं तिहार उपहारै उपहारको बहार' उपहार योजना अन्तरगत असोज महिनाको मासिक विजेताहरु छानिएका छन्।

बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनको कार्यालयमा बुधबार एशोसिएसनको कार्य समितिले फेसबुक लाईभबाट मासिक उपहार विजेता छनोट कार्यक्रम गरि बिजेता टिकट नम्बरहरु सार्वजनिक गरेको हो। कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनका अध्यक्ष केशवबहादुर खत्रीले लक्की ड्र मार्फत् बिजेता घोषणा गरेका थिए। एशोसिएसनका अध्यक्ष केशवबहादुर खत्रीले उपहार कार्यक्रममा प्रथम पुरस्कार स्कुटर, दोस्रो उपहार ४३ इन्चको स्मार्ट टेलिभिजन र तृतीय पुरस्कार स्मार्ट फोन १५ हजार बराबरको ३ जनालाई प्रदान गरिने बताए। उनका अनुसार बुद्ध विशाल बजार व्यापारिक एसोसिएसन भित्रका कुनै पनि पसलबाट ५ सयको समान खरिद गर्दा एउटा उपहार कुपन र १५ सय भन्दा बढीको खरिद गर्दा २ वटा उपहार कुपन उपलब्ध गराइन्छ। मासिक विशेष उपहार सपिङ भौचर ५ हजार बराबरको ४ जनालाई लक्की ड्र मार्फत् उपलब्ध गराइने संस्थाका कोषाध्यक्ष तथा उपहार कार्यक्रमका संयोजक थमनसिंह गुरुङले जानकारी दिए।

बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनका उपाध्यक्ष ईन्द्रराज अर्यालका अनुसार उपहार कार्यक्रम साउन १ गतेदेखि पाँच महिनासम्म सञ्चालन हुनेछ। चाडपर्वका अवसरमा विगतदेखि नै विभिन्न उपहार योजनामार्फत ग्राहक आकर्षित गर्दै आएको एशोसिएसनले यस वर्ष धेरै भन्दा धेरै ग्राहकलाई समेटन 'दशैं तिहार उपहारै उपहारको बहार' उपहार योजना ल्याएको एशोसिएसनका महासचिव बुद्धिबहादुर कुँवर बताए। बुद्ध विशाल बजारभित्र करिव दुईसय सटरमा फेन्सी, कस्मेटिक, जुत्ता चप्पल, वित्तीय संस्था, रेष्टुरेन्ट, सारी तथा कुर्ता लगायतका पसल सञ्चालनमा छन्।

# बुद्धिचाल प्रतियोगितामा रुपेश र सुजनाको विजयी सुरुआत

पोखरापत्र संवाददाता
गोरखा, २८ असोज

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत गोरखा जिल्लामा भइरहेको बुद्धिचाल प्रतियोगितामा रुपेश जैसवाल र सुजना लोहनीले जीतको सुरुआत गरेका छन्।

प्रतियोगिताअन्तर्गत भएको पहिलो चरणको खुला क्लासिकल इभेन्टमा विभागीय टोली त्रिभुवन आर्मी क्लबका जैसवालले गण्डकी प्रदेशका लेकबहादुर थापालाई पराजित गर्नुभएको हो। त्यस्तै पहिलो चरणको महिला क्लासिकल इभेन्टमा त्रिभुवन आर्मी क्लबकी सुजना लोहनीले बाग्मती प्रदेशकी मार्सल तामाङलाई पराजित गर्नुभएको निर्णायक दिपेश गिरीले जानकारी दिनुभयो। प्रतियोगिताअन्तर्गत खुला क्लासिकलतर्फको पहिलो चरणको खेलमा नेपाल प्रहरीका फिडे मास्टर शिक्षित भण्डारीले सशस्त्र प्रहरी बलका विश्व विजय घिमिरेलाई पराजित गर्नुभयो।

त्यस्तै त्रिभुवन आर्मीका क्यान्डिडेट मास्टर मिलन लामा र मधेस प्रदेशका मनोज विकबीच भएको प्रतियोगिता 'ड्र'भएको छ। खुला क्लासिकलतर्फ नै प्रदेश नम्बर १ का जेम्जुङ प्रशान्तदासलाई पूर्वराष्ट्रिय च्याम्पियनसमेत रहनुभएका सुरवीर लामाले पराजित गर्नुभएको छ भने बाग्मती प्रदेशका निकेन कुसताले बाग्मती प्रदेशकै राजिव कार्कीलाई पराजित गर्न सफल हुनुभएको छ।

प्रतियोगिताअन्तर्गत महिला क्लासिकलतर्फको पहिलो चरणको खेलमा बाग्मती प्रदेशका लक्ष्मी कँडेलले सशस्त्र प्रहरी बलकी गीता जैसवाललाई पराजित गर्नुभयो भने एनआरएनकी विनिता कपालीले मधेस प्रदेशकी सङ्गीता महतोलाई पराजित गरी पहिलो उत्कृष्ट पाँचभित्र पर्न सफल भएकी हुन्। प्रतियोगितामा कूल ११ टिमको सहभागिता रहेको छ।

# नवौं राष्ट्रिय खेलकुदः वडा नं ९ द्वारा सहभागि खेलाडीलाई जर्सी वितरण

पोखरापत्र संवाददाता
पोखरा, २८ असोज

नवौं राष्ट्रिय खेलकुद अन्तर्गत पोखरामा भईरहेको विभिन्न खेलका सहभागि खेलाडीहरुलाई शुक्रबार जर्सी वितरण गरिएको छ।

पोखरा महानगरपालिका वडा नं ९ ले आफ्ना वडाबाट प्रतियोगितामा सहभागि हुने खेलाडीहरुलाई जर्सी वितरण गरेको हो। पोखरा रंगशालामा आयोजित एक कार्यक्रमका बीच जर्सी वितरण गर्दै वडा नं ९ का वडाध्यक्ष दिपेन्द्र मर्सानीले वडामा रहेका खेलाडीको मनोबल बढाउनकालागि वडाद्धारा जर्सी प्रदान गरिएको बताए। ट्ट। खेलाडीले राष्ट्रको गौरव, शान, मान, पहिचान स्थापित गर्नसक्छ' मर्सानीले भने। खेलाडीको रुपमा वडा नं



९ लाई चिनाउन सफल होस् भन्ने शुभकामना दिदै मर्सानीले पदक विजेता वडाका खेलाडीलाई विजयी पदकका आधारमा जनही १० हजार, पाँच हजार र तीन हजार रुपैयाँका दरले वडाले नगद सम्मान गर्ने घोषणा समेत गरे। कास्की जिल्ला टेबल टेनिस संघका अध्यक्ष उत्तम जोशीले वडा नं ९ ले उदायीमान खेलाडीहरुको हौसला बढाउने कार्य गरेको भन्दै साना होस् या ठुला हरेक खालका सम्मानले खेलाडीलाई खेलप्रति लगाव बढाउने बताए। संघका सचिव कृष्ण रानाभाटले वडा नं ९ को खेलाडी प्रोत्साहन कार्य प्रशंसानिय भएको बताए।

# बरेङ गाउँपालिकाका वडा सचिवविहीन

पोखरापत्र संवाददाता
गलकोट, २८ असोज

बागलुङका बरेङ गाउँपालिकाका सबै वडा कार्यालय वडा सचिवविहीन बनेका छन्। पाँच वडा रहेको बरेङ वडा सचिवविहीन पालिका बनेको छ।

भौगोलिक हिसाबले दुर्गम पालिकामा गनिने बरेङका दरबन्दीअनुसारका वडा सचिव सरुवा भएपछि एक महिनादेखि सचिवविहीन बनेको हो। पाँचवटै वडाका वडा सचिव सरुवा भएर गइसकेका कारण पाँचवटै वडामा अन्य शाखाका कर्मचारी खटाएर काम गर्दै आएको गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो। अहिले बरेङका पाँचवटै वडामा स्वास्थ्य, कृषि र पशु शाखाका कर्मचारीलाई वडा सचिवको काममा खटाइएको शर्माले जानकारी दिनुभयो। प्रशासन तर्फका वडा सचिव नहुँदा प्राविधिक कर्मचारी खटाउँदा समस्या भएको छ। "सबै वडा सचिव सरुवा भएर जानुभयो, अहिले वडा सचिवविहीन गाउँपालिका बनेको छ तर हामीले जनताको सेवालाई निरन्तरता दिन वडामै रहेका स्वास्थ्य, कृषि र पशु शाखाका प्राविधिक कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिएका छौं", उहाँले भन्नुभयो।

बरेङ गाउँपालिका–१ को कार्यालयमा स्वास्थ्यकर्मी, वडा नं २ को कार्यालयमा कृषि प्राविधिक, ३, ४ र ५ नं वडा कार्यालयमा पशु प्राविधिक सेवाका कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीतबहादुर रानाले जानकारी दिनुभयो। उहाँले तिहारपछि दरबन्दीअनुसारका सचिव पदपूर्ति गर्ने बताउनुभयो। रानाका अनुसार तिहारपछि प्रशासनतर्फ पाँचौं तहका चार कर्मचारी आउने भएकाले समस्या हुँदैन।

# 'आइटिएफ तेक्वान्दो'का दुई सय ५० खेलाडी बागलुङमा

पोखरापत्र संवाददाता
बागलुङ, २८ असोज

शुक्रबारदेखि सुरु हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको 'आइटिएफ तेक्वान्दो'मा सहभागी हुन १० समुहका दुई सय ५० खेलाडी बागलुङ बजार आइपुगेका छन्। 'आइटिएफ तेक्वान्दो' प्रतियोगिता खेलाउन बागलुङको बाङ्गेचउरमा तयारी भएको छ।

खेलका लागि सात प्रदेश र तीन विभागीय समूहका खेलाडी बागलुङ बजार आएका हुन्। खेलको औपचारिक उद्घाटन भने शनिबार गर्ने योजना रहेको बागलुङ नगर प्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो।

आइटिएफ तेक्वान्दो प्रतियोगिताका लागि बागलुङ नगरपालिकाको अगुवाइमा पूर्वाधार निर्माणको काम भइरहेको छ। बागलुङ नगरपालिका–१ को बाङ्गेचउर खेल मैदान नजिककैको कवर्ड हलमा खेल खेलाइने भएको हो।

खेलका लागि अफिसियलसमेत गरी तीन सय बढीको सहभागिता रहनेछ। तीमध्ये अधिकांश खेलाडी बागलुङ आइसकेको आइटिएफ महासङ्घका सचिव तथा बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताउनुभयो। खेलस्थलमा झण्डा, व्यानरसमेत टाँगिएको छ। शनिबार उद्घाटन हुने कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम, झाँकी र भजनसमेत प्रदर्शन गरिने कार्यक्रम छ।

खेलाडी, खेलसँग सरोकार राख्ने, स्थानीय बासिन्दासमेतले खेल उद्घाटनका दिन बागलुङ बजारमा मार्चपाससमेत गर्नेछन्। सात प्रदेश, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी गरी नौ वटा टिमका दुई सय ५० खेलाडीले प्रतियोगितामा भाग लिनेछन्। तेक्वान्दोमा ४५ स्वर्ण, ४५ रजत र ३० कास्य पदकका लागि प्रतिस्पर्धा हुने आइटिएफका सचिव राजु खड्काले बताउनुभयो। उहाँका अनुसार प्रतियोगितामा महिलातर्फ ४५ केजीदेखि ७० केजी र पुरुषतर्फ ५० केजीदेखि ८५ केजी तौल समूहका खेलाडीबीच प्रतिस्पर्धा गर्ने व्यवस्थापन मिलाइएको छ। खेलका लागि सुरक्षा व्यवस्थासमेत पूरा भएको प्रजिअ रमेश ढकालले जानकारी दिनुभयो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : व्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

